मिति: २०७९/०९/१४
समय : दिनको २:०० बजे
स्थान :महांकाल सदन

**छैटौ कार्यपालिकाको बैठकको प्रस्तावहरु :**

१) नगर सभाको मिति, समय, स्थान र कार्यसूची तय गर्ने सम्वन्धमा

२) तपशिलका विभिन्न कार्यविधि,निर्देशिका,आचार संहिता स्वीकृत सम्बन्धमा

क) जेष्ठ नागरिक तथा जेष्ठ नागरिक भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण कार्यक्रम निर्देशिका २०७९,

ख ) लैगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

ग ) वाल विकाससहजकर्ता, विद्यालय कर्मचारी तथा सामुदायिक परिचालक व्यवस्थापन कार्यविधि, २०७९

३) पशुपति चौलागाईं स्मृति अस्पतालको पुरानो भवन भत्काउदाको सामाग्री लिलामी सम्वन्धमा

४) शिर्षकान्तर तथा जगेडा रकम व्यबस्था गर्न समिति गठन सम्वन्धमा

५) दोलखा स्वास्थ्य केन्द्र Ground Clearence खर्च व्यवस्थापन र लिलामी सम्वन्धमा

६) मर्याग खोला तारजाली लागायतको सम्पूर्ण रकम भुक्तानी सम्बन्धमा

७) दोलखा - नागदह सडकको भुक्तानीका लागि सेयर शीर्षकबाट व्यवस्था मिलाउने सम्वन्धमा

८) सरसफाई केन्द्रको पर्खाल निर्माण - शहरी शासकीय आयोजनाबाट खर्च गर्ने २० लाख नगर पूर्वाधार विकास

९) IPF कार्यक्रम - संशोधन (फोहोरमैला)

१०) शहरी स्वास्थ्य केन्द्र, जिलुको व्यवस्थापन सम्वन्धमा

११) प्रदेश लोक सेवा आयोगमा माग गरेका प्रशासनिक (वडा सचिव प्रयोजनका लागि) सहायक पाचौ पदको ४ जनाको अनुमोदन गर्ने सम्वन्धमा

१२) कृषिको प्राविधिक अधिकृत केन्द्रिय लोक सेवा आयोगको बैकल्पिक सूचीबाट माग गर्ने गर्ने सम्वन्धमा

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१३) LISA / FRA / प्राकृतिक वित्त आयोगसम्बन्धी अभिमूखीकरण कार्यक्रम संचालन गर्ने सम्वन्धमा

१४) कार्यपालिका बैठकको प्रत्येक महिनामा बस्ने गरी निश्चित मिति तोक्ने सम्वन्धमा

१५) सार्वजनिक सुनुवाई कार्यक्रमको मिति, समय र स्थान तय गर्ने सम्वन्धमा

१६) कार्यालयमा रहेको पुरानो ट्याक्टर र टोयोटा लगायतका सामाग्री लिलाम गर्ने सम्वन्धमा

१७ ) शहरी स्वास्थ्य केन्द्र साखिने (स्थापना तथा संचालन साविककै साधन स्रोतबाट)

१८) सातदोबाटो सपिंगकम्प्लेक्सको न्यूनतम भाडा दर स्वीकृत आर्थिक तथा प्राविधिक प्रस्ताब स्वीकृत सम्बन्धमा

१९) सुधारिएको चुलो /बायोग्यास/ सोलार मार्मत तथा जडान ( प्राप्त रु ८ लाख )

निर्णय नं. १:- प्रस्ताव नं.१ सम्बन्धमा छलफल गर्दा भीमेश्वर नगरपालिकाको हिउदे नगर सभा मिति २०७९/०९/२९ गते दिनको ११ बजे भीमेश्वर सदनमा तपशिलको कार्यसूची बमोजिम गर्ने निर्णय गरियो।

## सभाको कार्यसूची

| क्र.स. | कार्यक्रम |
|---|---|
| १ | सदस्य सबै सभाकक्ष प्रवेश |
| २ | सभाध्यक्ष सभामा प्रवेश सगैं राष्ट्रिय गान बजाउने |
| ३ | आसन ग्रहण |
| ४ | सभाध्यक्षबाट सभा उदघाटन |
| ५ | सभाध्यक्षबाट सचिवलाई कार्यसूची वाचनका लागि समय प्रदान |
| ६ | विभिन्न समितिबाट प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदानः सुशासन, पूर्वाधार, आर्थिक, सामाजिक विकास , वन वातावरण तथा विपद र न्यायिक |
| ७ | विधेयक प्रस्तुति |
| ८ | बिधेयक माथि छालफल गर्न सभाध्यक्षद्वारा समय प्रदान गर्ने |
| ९ | ध्वनी मतद्वारा विधेयक पारित गर्ने |
| १० | शुन्य समय प्रदान : समसामयिक बिषयमा सदस्यहरुद्वारा आफनो भनाई राख्न |
| ११ | सभाध्यक्षद्वारा मन्तब्य सहित सभा बिसर्जन |

**निर्णय** नं. २:- प्रस्ताव नं. २ सम्बन्धमा छलफल गर्दा तपशिलका विभिन्न कार्यविधि, निर्देशिका आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

क) जेष्ठ नागरिक तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण कार्यक्रम निर्देशिका २०७९,

ख) लैगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

ग ) वाल विकास सहजकर्ता, विद्यालय कर्मचारी तथा सामुदायिक परिचालक ,व्यवस्थापन कार्यविधि, २०७९

**निर्णय** नं. ३:- उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट समुदयामा रहेका अति बिपन्न वर्ग पहिचान गरी उन्नत जातको गाई वितरण कार्यक्रम संचालन गर्ने ।

**निर्णय** नं. ४:- प्रस्ताव नं. ४ सम्बन्धमा छलफल गर्दा पशुपति चौलागाईं स्मृति अस्पतालको पुरानो भवन भत्काउदा प्राप्त हुन आएका सामाग्री लिलाम गर्ने र लिलामबाट प्राप्त हुने रकमबाट भात्काउन लागेको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय** नं. ५:- प्रस्ताव नं. ५ सम्बन्धमा छलफल गर्दा शिर्षकान्तर तथा जगेडा कोष रकम ब्यबस्स्थापन गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

ब.ले.अ. जगदीश अर्याल ..................संयोजक

ई . नारायण शिवाकोटी ....................सदस्य

शा.अ. ज्ञानु कुमार खड्का ............सदस्य

**निर्णय** नं. ६:- प्रस्ताव नं. ६ सम्बन्धमा छलफल गर्दा दोलखा स्वास्थ्य केन्द्र, को भवन जर्मन विकास बैंक (KFW) को आर्थिक तथा यस नगरपालिकाको प्राविधिक सहयोगमा निर्माण हुने भएकोले दोलखा स्वास्थ्य केन्द्रको , Ground Clearence र पुरानो भवन भत्काउने कार्यको लागी प्राबिधिक मुल्यांकन बमोजिमको खर्च समेत सोहि लिलाम प्रक्रियाबाट प्राप्त हुने रकम समेतबाट हुनेगरी प्रक्रिया अगाडी बढाउँने निर्णय गरियो ।

**निर्णय** नं. ७:- प्रस्ताव नं.७ सम्बन्धमा छलफल गर्दा यस नगरपालिका खोर्थली सामुदयिक बनमा निर्मित रिचार्ज पोखरीमा भलपसी मर्यांग खोलामा क्षेती पुर्याएको र तत्काल सो क्षेत्र को बस्ति र सडक संरक्षण एवं सिंचाई सुचारु गर्न प्रयोग गरिएको तारजाली, रड सिमेन्ट पाईप लगायतका सामाग्रीहरु प्रयोग गरी तपशिल बमोजिमका आयोजनाहरुमा प्राविधिक

मुल्यांकन बमोजिम खर्च नगर पूर्वाधार निर्माण कार्यक्रम र तामाकोशि तेश्रो शेयर खरिद शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

क० न.पा. पाखाटोल सडक योजना (विपद ब्यबस्थापन ) रु ४,१०,०९५/८४

ख० न.पा.पाखाटोल मर्यांगखोला सडक मर्मत तथा पहिरो नियन्त्रण रु १५,४१,६८७/१५

ग० मर्यांगखोला सिंहबन मार्ग विपद ब्यबस्थापन रु १४,२५,७००/०६

घ० विपद ब्यबस्थापन कार्य मर्यांगखोला, लम्पाते रु ११,१२,५१५/५४ मध्ये न.पा.बाट निर्माण सामाग्रीहरु वापत रु .७६७७१४/७४ मात्र

ङ० सिंचाई मर्मत कार्यक्रम (खर्दी सिंचाई, मर्यांगखोला खण्ड सिंहबन मार्ग र मर्यांगखोला खण्ड दोलखाबेसी) रु ३,७१,६०३/-

**निर्णय नं. ८:-** प्रस्ताव नं.८ सम्बन्धमा छलफल गर्दा दोलखा- नागदह सडकको गत बर्ष कार्य सम्पन्न भई भुक्तानि हुन बाँकी रहेको करिब रु १८,५०,०००/- ( अक्षेरुपी अठारलाख पचास हजार) तामाकोशि तेश्रो शेयर खरिद शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:-** प्रस्ताव नं.९ सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ मा निर्माणाधीन सरसफाई केन्द्रको बाटो / घेराबार निर्माण लागि सहरी शासकीय कार्यक्रमबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-** प्रस्ताव नं.१० सम्बन्धमा छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश र यस नगरपालिका विच सरसफाई केन्द्र निर्माणका लागि सम्झौता भई कार्यान्वयन चरणमा रहेकोमा कार्यक्रममा सामान्य संसोधन आवश्यक भएको तथा सरसफाई कार्यक्रमका लागि थप उपकरण / मेशिनरी औजार आवश्यक भएकोले बजेट तथा कार्याक्रम संसोधन गरी सहमतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश IPF कार्यक्रममा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११:-** प्रस्ताव नं.११ सम्बन्धमा छलफल गर्दा यस कार्यालयमा रिक्त रहेका गतबर्ष पदपूर्ति हुन नसकेका पद मध्ये सहायक स्तर पाँचौ तहका (प्रशासन) पद संख्या ४ (वडा सचिव प्रयोजनका लागि) प्रदेश लोक सेवा आयोग बागमती प्रदेशमा माग गरी पठाएकोलाई अनुमोदन गर्ने र यस कार्यालायामा रिक्त रहेका उधम विकास कार्यक्रम र स्वास्थ्य तर्फका कार्याक्रमलाइ आवश्यक पर्ने जनशक्तिको करार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२:-** प्रस्ताव नं.१२ सम्बन्धमा छलफल गर्दा नेपाल सरकारको एक पालिका एक कृषि स्नातक कार्यक्रम अन्तर्गत यस नगरपालिकालाई प्राप्त पशुचिकित्सक पद एक र कृषि

स्नातक पद एक को बिज्ञापन गरी पदपूर्ति गर्दा कृषि स्नातक पदपूर्ति हुन नसकेकोले लोकसेवा आयोग अनामनगरको वैकल्पिक/अस्थायी सूचिमा रहेका उम्मेदवारबाट पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:-** प्रस्ताव नं.१३ सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार सबलीकरण कार्यक्रम LISA/ FRA/ प्राकृतिक वित्त आयोग जस्ता कार्यक्रमका विधि सम्बन्धमा कार्यपालिका सदस्य र सम्बन्धित शाखा प्रमुखहरुलाई उपयुक्त समयमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो।-

**निर्णय नं. १४:-** प्रस्ताव नं.१४ सम्बन्धमा छलफल गर्दा भीमेश्वर नगर कार्यपालिकाको बैठकलाई ब्यबस्थित र नियमित रुपमा संचालन गर्न अत्यावश्यक देखिएकोले प्रत्येक महिनाको १० गते दिनको ११:०० बजे बस्ने निर्णय गरियो ।

**निर्णय नं. १५:-** प्रस्ताव नं.१५ सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाले सम्पादन गरेका योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई मिति २०७९/ १०/ १६ गते उपयुक्त समय र स्थानमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:-** प्रस्ताव नं. १६ सम्बन्धमा छलफल गर्दा यस कार्यालयमा रहेका लिलाम गर्न योग्य उपकरणहरु पुरानो ट्याक्टर लगायतका सामाग्री आवश्यक प्रक्रिया पुरा गरी लिलाम गर्ने र फोहरमैला व्यस्थापनमा प्रयोग भईरहेको टिपर तथा सक्सन ट्यांक मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं. १७:-** प्रस्ताव नं.१७ सम्बन्धमा छलफल गर्दा यस नगरपालिका वडा नं. ७ साखिने प्राथमिक विद्ध्यालयमा रहेका रिक्त कोठामा हाल मकैबारी स्वास्थ्य चौकीमा रहेको जनशक्ति र श्रोतबाट ब्यबस्थापन गर्ने गरी शहरी स्वास्थ्य केन्द्र, साखिने स्थापना तथा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:-** प्रस्ताव नं.१८ सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाको सातदोबाटो स्थित सातदोबाटो बहुद्धेशीय भवनको लागि यस अघि मनसायपत्र पेश गर्ने सूचना प्रकाशन भै प्राबिधिक पक्षमा सफल प्रस्तावदाताहरुबाट मनसायपत्रको अधिनमा रही कार्यालयबाट स्वीकृत भवनको डीपीआर र निर्माण भैसकेको पाँच तला भवनको न्यूनतम मासिक भाडा रु. ५ लाख १७ हजार (कर समेत) एबम मनसायपत्र बमोजिम निर्माण गर्नुपर्ने थप दुई तला निर्माण पश्चात आर्थिक प्रस्ताव पत्रको स्पेशिफिकेसन तथा शर्त बमोजिम हुने गरी आर्थिक प्रस्तावपत्र पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १९:-** प्रस्ताव नं.१९ सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम सुधारिएको चुलो / बायोग्यास / सोलार मर्मत तथा जडानमा विनियोजित बजेट रु ८,००,०००/ आठलाखबाट नागरिकको माग बमोजिम सोलार बत्ति जडान कार्यक्रम शिर्षकमा योजना संसोधन तथा रकमान्तर गरी उपयुक्त स्थानमा सोलार बत्तिजडान / मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:-** प्रस्ताव नं.२० सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाको चौथो कार्यपालिका बैठक को निर्णय न. ९ बमोजिमको योग र आयुर्वेद सेवाको बिस्तार गर्ने तथा आयुर्वेद र आँखा अस्पताल भवन निर्माणका लागि सार्वजनिक जग्गा पहिचान तथा सिफारिस गर्ने गठित समितिको सिफारिस बमोजिम यस नगरपालिका र गौरीशंकर बहुमुखी क्याम्पस आसपास गौरीशंकर बहुमुखी क्याम्पस – गोलेगाउँ टोल सडकले छोएको उपयुक्त करिव १२ रोपनी जग्गा उपलब्ध गराउन खोर्थली सामुदायिक बन उपभोक्ता समितिलाई अनुरोध गर्ने र भोग चलनका लागि सम्बन्धित निकायबाट स्वीकृति लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:-** प्रस्ताव नं.२१ सम्बन्धमा छलफल गर्दा बागमती प्रदेश सरकारको आ.ब.०७९/८० को डिभिजन सिंचाई कार्यालय दोलखा मार्फत कार्यान्वन हुने स्वीकृत कार्यक्रम मरेङ् खोला सिंचाई योजना भीमेश्वर -४ जिलुलाई मरेङ् खोला सिंचाई सड्क योजना भीमेश्वर -४ जिलुमा योजनान्तर गरिदिन बागमती प्रदेश सरकार खानेपानी, उर्जा तथा सिचाई मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:-** प्रस्ताव नं.२२ सम्बन्धमा छलफल गर्दा नेपाल सरकारले भू –उपयोग ऐन २०७६, कार्यान्वयन गर्न प्रत्येक नगरपालिकाले आफ्नो भू-उपयोग योजना निर्माण गर्न जग्गाको उपयोगलाई बर्गिकरण गर्नुपर्ने ब्यबस्था गरे बमोजिम यस नगरपालिकाको चौथो कार्यपालिका बैठकको निर्णय नं. १२ बाट वडा नं. २ का वडा अध्यक्ष श्री स्टालिन श्रेष्ठको संयोजकत्वमा भू-उपयोग बर्गिकरण सिफारिस समिति गठन गरेकोमा उक्त समितिले यस नगरपालिकालाई दिएको सिफारिस देहाय बमोजिम रहेकोले सोहि बमोजिम यस नगरपालिकाको भू-उपयोग बर्गिकरण गरी भू –उपयोग ऐन, २०७६ को दफा ४ बमोजिम कृषि तथा गैह्र कृषि क्षेत्र छुट्याई नापी बिभाग, भुमि ब्यबस्था तथा अभिलेख विभागमा पठाउने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

| क्र.स. | क्षेत्र बर्गिकरण |
|---|---|
| १ | लामोसाँघु –जिरी सडक खण्ड (खरी ढुङ्गा बजार क्षेत्र समेत) को सडक सीमाबाट दाँया बाँया २०० मिटर गैह्र कृषि क्षेत्र र बाँकी अन्य कृषि क्षेत्र कायम गर्ने । |
| २ | चरिकोट – दोलखा –सिंगटी सडकको सडक सीमाबाट दायाँ बायाँ १५० मिटर गैह्र कृषि क्षेत्र र बाँकी अन्य कृषि क्षेत्र कायम गर्ने । |
| ३ | भीमेश्वर नगरपालिकाबाट प्रस्तावित ( नापी नक्शामा उल्लेख भए / नभएका ) प्रादेशिक सडकहरु क्रमश:चरिकोट-कालिन्चोक सडक, घेवापानी –सेरा- निगाले बाघखोर सडक, दोलखा-नागदह –क्षेत्रपा सडक ,भटमासे –जिलु -मार्बु सडक ,मिलघुम्ती –गाईघाट -२१ किलो (सिन्धुपलान्चोक) सडक, गौरीशंकर बालगृह –महांकाल –शैलुंङ सडक , पाटि खोला-उखुबारी –मागा देउराली सडकको सडक सीमाबाट दायाँ बायाँ १५० मिटर गैह्र कृषि क्षेत्र र बाँकी अन्य कृषि क्षेत्र कायम गर्ने । |
| ४ | नगर सडक (नापी नक्शामा उल्लेख भए / नभएका) हरुको सडक सीमाबाट दायाँ बायाँ १०० मिटर गैह्र कृषि क्षेत्र र बाँकी अन्य कृषि क्षेत्र कायम गर्ने । |
| ५ | नापी नक्शामा उल्लेख भएका तथा चलन चल्तिका गोरेटो बाटोहरुको सीमाबाट दायाँ बायाँ ५० मिटर गैह्र कृषि क्षेत्र र बाँकी अन्य कृषि क्षेत्र कायम गर्ने । |
| ६ | राजकुलोको सीमाबाट दायाँ बायाँ ५० मिटर गैह्र कृषि क्षेत्र र बाँकी अन्य कृषि क्षेत्र कायम गर्ने |

नोट :- ब्यबसायिक क्षेत्र, औधोगिक क्षेत्र ,खानी तथा खनिज क्षेत्र , वन क्षेत्र , नदि –खोला-ताल -पोखरी ,सिमसार क्षेत्र , सार्वजनिक उपयोगको क्षेत्र र सास्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्र पछि निर्धारण गरिने छ ।

**निर्णय नं. २३:-** आ.ब. ८०/८१ का लागि यस नगरपालिकामा समपुरक र विषेश अनुदानमा संचालन गरिने आयोजनाहरु प्राथमिकताका आधारमा छनौट गरी संघीय सरकार र बागमती प्रदेश सरकारमा अनुरोध गरी पठाउने तथा समपुरक आयोजनाको हकमा लागत अनुमानको ५०% ले हुन आउने बजेट विनियोजन गर्ने प्रतिबद्धता समेत गर्ने निर्णय गरियो

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## तपशिल

### संघीय समपुरक आयोजनातर्फ

१. भीमेश्वर रंगशाला, भीनपा ०३

२. भीमेश्वर विमानस्थल निर्माण, भीनपा ०६

३. ध्यावापानी सेरा निगाले बाघखोर सडक, भीनपा ६, ७, ८ र ९

४. दोलखा नागदह क्षेत्रपा सडक, भीनपा ०२

५. गौरीशंकर बालगृह महांकाल शैलुङ्ग सडक, भीनपा ०२

६. पाटीखोला उखुबारी मागा सडक, भीनपा ६ र ७

७. गौरीशंकर बालगृह गाइघाट २१ किलो (सिपाजी) सडक, भीनपा ०५

८. भटमासे जिलु कातिके जफाती गोलाई सडक, भीनपा ०५

९. सोलार पार्क निर्माण, भीनपा ०२, गुमडाँडा

१०. वडा कार्यालय निर्माण, वडा कार्यालय ५, ९, ८ र २

११. फोहरमैला व्यवस्थापन, प्रशोधन तथा ज्ञान केन्द्र निर्माण, भीनपा

### संघीय विशेष आयोजनातर्फ

१. जेष्ठ नागरिक अपांग तथा तथा एकल महिला सिपमूलक कार्यक्रम, भीनपा

२. सरसफाई व्यवस्थापन तथा ज्ञान केन्द्र पूर्वाधार निर्माण, भीनपा

३. तथ्यांकमा आधारित पूर्वसूचना प्रणाली, भीनपा

४. विपन्नका लागि शिक्षा तथा स्वास्थ्य कार्यक्रम, भीनपा

### प्रदेश समपुरक आयोजनातर्फ

१. कृषि उपज भण्डारण गृह तथा शितभण्डार निर्माण आयोजना, भीनपा ०७, औधोगिकग्राम, भुलभुले

२. तामाकोसी फूलपा दोलखाबेंसी लिफट सिंचाई, भीनपा ०२

३. मुख्य सडकदेखि वडा कार्यालयसम्म जोड्ने सडक स्तरोन्नती आयोजना, भीनपा १, ५ र ४

४. गौरीशंकर बालगृह तिखातल सडक, भीनपा २, ३ र ४

५. मिलघुम्ती सुनखानीडाँडा मथानी/विसुन्टोल सडक, भीनपा ०५

६. ठुलोसिम यार्सा बोंच पात्लेखोला सडक, भीनपा ०८

७. हलहले एक्लेचौर भण्डारे सडक, भीनपा ०९

शिशिर पौडेल

८. राम्पा डोक्थली दिलढुंगा सोग्ला खेलाप सडक, भीनपा ०२

९. पिपलबोट घोगडी सडक, भीनपा ०४

१०. गामनागी थलनागी (हात्तिछहरा जाने) सडक, भीनपा ०८

११. चरङ्गे लप्सी सेरा सडक, भीनपा ०८

१२. देउराली स्वामीको रुख सिंहवन सडक, भीनपा ०२

१३. साखिने सिंहराम हात्तिछहरा सडक, भीनपा ०२

१४. साखिने ओदी[illegible]ऊ सडक, भीनपा ०२

१५. देउराली - पानीघाट सडक, भीनपा ०२

**प्रदेश बिशेष आयोजनातर्फ**

१. खाद्य तथा पोषण सुरक्षाका लागि कृषि उपज बजार व्यवस्थापन, भीनपा ०३, सातदोबाटो

२. भुकम्प प्रभावित समुदायको आर्थिक विकासका लागि उच्च मूल्यका फलफुल तथा तरकारी खेती कार्यक्रम, भीनपा

३. तथ्यांकमा आधारित पूर्वसूचना प्रणाली, भीनपा

४. विपद् उत्थानशील सुरक्षित आवास कार्यक्रम, भीनपा

५. फोहरमैला व्यवस्थापन तथा ज्ञान केन्द्र निर्माण, भीनपा

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत